नेपाल सरकार

# जनसंख्या तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. :-

च.नं.:-

## प्रेश विज्ञप्ति

मिति २०७४।११।१० गते बिहिवार हाल भइरहेको बढ्दो वायु प्रदूषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापनका विषयमा छलफल गर्न माननीय जनसंख्या तथा वातावरण मन्त्री श्री लालबाबु पण्डितज्यूको अध्यक्षतामा जनसंख्या तथा वातावरण मन्त्रालयको सभाहलमा विभिन्न सरोकारवाला निकाय सम्मिलित बैठक बस्यो ।

उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, उद्योग मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिवहरु, स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालयका सहसचिवहरु, सडक विभाग, यातायात व्यवस्था विभाग, वातावरण विभागका महानिर्देशकहरु, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका विकास प्राधिकरणका प्रमुखहरु, काठमाडौं महानगरपालिका, भक्तपुर नगरपालिका र कीर्तिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुको उपस्थिति रहेको थियो । बैठकको सुरुवातमा यस मन्त्रालयका सह-सचिव एवम् जनसंख्या तथा वातावरण व्यवस्थापन प्रमुख रामेश्वर दगालले वातावरण व्यवस्थापनको वर्तमान अवस्था, चुनौती तथा आगामी कार्ययोजनाका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

प्रस्तुतीकरण पश्चात माननीय मन्त्रीज्यूले हरेक नागरिकको स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक रहेकोमा सम्बन्धित निकायहरुमा समन्वयको कमी भएकाले आम नागरिकको मौलिक हक हनन भएको भन्नुहुँदै आ-आफ्नो क्षेत्रबाट वातावरणीय व्यवस्थापनका लागि योगदान दिन उपस्थित सबै निकायलाई निर्देशन दिनुभयो ।

प्लाष्टिकजन्य पदार्थको नियन्त्रण गर्न खाद्य वस्तुको प्याकेजिङ्मा प्रयोग हुने वस्तुको विकल्प खोजी गर्न, सडक निर्माण र मर्मतका क्रममा धुलो नउड्ने व्यवस्था गर्न, निर्माणाधीन सडकको निर्माण कार्य समय मै सम्पन्न गर्न , ईंटा, सिमेन्ट लगायतका उद्योगबाट उत्सर्जन हुने धुलो, धूवाँ तथा प्रदूषित पानीलाई सरकारले तोकेको मापदण्डभित्र कायम गर्न, अस्पतालजन्य फोहोरको उचित व्यवस्थापन गर्न, नगरपालिकाहरुले फोहरमैलाको सकलन र बिसर्जनमा उचित व्यवस्थापन गर्न, खुला रुपमा बाल्ने जलाउने कार्य गर्ने र जथाभावि फोहोर फाल्नेलाई कारवाही गर्न, सडकमा छाडा छोडिएका गाई वस्तु तथा कुकुरलाई नियन्त्रण गर्न र तत्काल यी कार्यहरुमा प्रगति देखिने गरी काम गर्न निर्देशन दिनु भयो ।

उपस्थित सम्पूर्ण सचिवहरु लगायत सरोकारवाला निकायका प्रतिनिधिहरुले आ-आफ्ना संस्थासंग सम्बन्धित बिषयमा तदारुकताका साथ काम गर्ने प्रतिबद्धता जनाउनु भयो । कार्यक्रमको अन्त्यमा यस मन्त्रालयका सचिव श्री प्रकाश माथेमाले उपस्थित सबैलाई धन्यवाद दिँदै वातावरण व्यवस्थापन अन्तर्गनिकाय सम्बन्धित विषय रहेको र वातावरण मन्त्रालयको एकल प्रयासले मात्र वातावरण सरक्षण असम्भव रहेको हुँदा आगामी दिनमा समेत सबै निकायको सहयोग को अपेक्षा राख्नुभयो ।

०७४।११।१०

लक्ष्मी कुमारी बस्नेत

प्रवक्ता

कार्यालयको ठेगाना: सिंहदरबार,काठमाडौं नेपाल
कार्यालयको टेलिफोन नं. ४२११९४१, ४२११९९६, ४२११९४६ ४२११८५४, ४२११७३७, ४२११५८६
फ्याक्स नं. ४२११९५४
ईमेल info@mope.gov.np
वेभ साईट www.mope.gov.np